# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल

सू. नं. ५३

मिति : २०८१/१०/३०

**सार्वजनिक विदा सम्बन्धी सूचना !!**

२०५२ साल फाल्गुण १ गतेबाट प्रारम्भ भएको नेपालीहरुको महान जनयुद्ध २०६३ साल मंसीर ५ गतेको विस्तृत शान्ति सम्झौतामा रुपान्तरण भई मुलुक यस अवस्थामा आइपुगेको विषय जगजाहेर छ। उक्त जनयुद्धको पृष्ठभूमिमा नेपालमा राजनीतिक परिवर्तन सम्भव भएको थियो भने गणतन्त्र, संघीय प्रणाली, समावेशीकरण सहितको लोकतन्त्र, सामाजिक न्याय जस्ता उपलब्धिहरु सोही जनयुद्ध र जनआन्दोलनको बलमा स्थापित भएको तथ्य सर्वमान्यरुपमा रहिआएको छ।

यसै सन्दर्भमा नेपालको राजनितिक एवं सामाजिक परिर्वतनमा सशस्त्र जनयुद्धले पुऱ्याएको योगदानको कदर तथा महान जनयुद्धप्रति उच्च सम्मान व्यक्त गर्दै पञ्चकन्या गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सरकारी, अर्धसरकारी, गैरसरकारी संघसंस्था, शिक्षण संस्था, स्वास्थ्य संस्था, बैंक, सहकारी लगायतका सार्वजनिक निकायहरुलाई फाल्गुण १ गते सार्वजनिक विदा दिने घोषणा गरेकोले उक्त १ दिन गाउँपालिकाभर सार्वजनिक विदा दिइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८१/१०/३०

कृष्णहरि पौडेल
प्रमुख प्रशासकीय अधिकृत